**१०१/७८/७९**

२०७८ मंसिर १५

**आदरणीय सम्पूर्ण संस्थागत तथा साधारण सदस्यज्यूहरु,**
**नेपाल व्यवस्थापन संघ**

**विषयः संस्थागत र साधारण सदस्यता नवीकरणको लागि हार्दिक अनुरोध ।**

**महोदय,**

नेपाल व्यवस्थापन संघ व्यवस्थापकहरुको एकमात्र छाता संगठन, विशुद्ध सामाजिक, गैरराजनीतिक एवं मुनाफारहित संस्थाको रुपमा विगत ४१ वर्षदेखि निरन्तर व्यवस्थापन विकासका गतिविधिहरु प्रभावकारीरुपमा सञ्चालन गर्दै आइरहेको छ । संघको व्यवस्थापन विकासको उद्देश्यमा हातेमालो गर्दै यहाँले **संघको संस्थागत र साधारण सदस्यता लिएको** अवगत गराउँदछु । साधारण सदस्यको रुपमा यहाँले नेपाल व्यवस्थापन संघले आयोजना गरेका कार्यक्रम तथा संघको उद्देश्य अनुरुपका विभिन्न गतिविधिहरुमा पुऱ्याएको योगदानको पनि हामी उच्च प्रशंषा सहित सम्मान व्यक्त गर्दछौं ।

यसै सन्दर्भमा यहाँको व्यवस्थापन विकासका गतिविधिहरुमा थप सहकार्य एवं हातेमालो गर्नको लागि वार्षिक सदस्यता नविकरणले विशेष महत्व राख्ने हुँदा **आर्थिक वर्ष २०७८/७९ को संस्थागत/साधारण सदस्यता नवीकरण गर्नु हुन हार्दिक अनुरोध गर्दछौं । सदस्यता नवीकरण शुल्क संस्थागत सदस्यको हकमा वार्षिक रु.५०००।- (रु. पाँच हजार) र साधारण सदस्यको हकमा वार्षिक रु.२०००।- (रु. दुइ हजार) मात्र रहेको अवगत गराउँदै नेपाल व्यवस्थापन संघको नाममा चेकमार्फत वा अनलाइन सेवा मार्फत पुष २५ गते भित्र भुक्तानीको लागि हार्दिक अनुरोध गर्दछौं । पुष मसान्तभित्र अध्यायवधि हुन नसेकमा आगामि निर्वाचन प्रक्रियामा सहभागी हुन नपाइने पनि यसै पत्र मार्फत जानकारी गराईंन्छ , नेपाल व्यवस्थापन संघको निर्वाचन सम्बन्धी नियम ३ को उप नियम २ बमोजिम अन्तिम मतदाता नामावली ३० दिन अगावै सार्वजनिक गर्नुपर्ने प्रावधान बमोजिम पुष मसान्त अन्तिम समय सिमा भएको यसै सूचना मार्फत सम्बन्धित सबैमा जानकारी लागि अनुरोध छ ।**

संघले यस बर्ष २०७८ साल माघ २८ गते नेपालमा पहिलोपटक **सिइओ सम्मेलन** गर्न लागेको र माघ २९ गते बार्षिक साधारण सभा तथा अधिवेसनको समय तोकिएको सम्पूर्ण सदस्यज्यूहरुमा यसै पत्रमार्फत जानकारी गराउँदछौं ।

**Bank Detail:**
Bank Name: Nepal Bangladesh Bank Limited.
Account Name: Management Association of Nepal
Account Number: 001250191C
Branch: Corporate, Kamaladi, Kathmandu

**अनलाइन सेवाबाट नविकरण शुल्क पठाउँदा, नाम र सदस्यता नम्बर स्पष्ट खुलाईएको हुनुपर्ने छ ।**

ऐतिहासिक गरिमा वोकेको यस संघको सदस्य भएकाले यहाँबाट प्राप्त अमुल्य सुझाव, सल्लाह र सहकार्यलाइ हामि सधै आत्मसाथ गर्नेछौं । सहविर्य करवाहै अर्थात सामूहिक सहकार्य यस संस्थाको मूलमन्त्र हो । संघको सर्वाङ्गिण विकासमा यहाँको सद्भाव र सहकार्यका लागि हार्दिक धन्यवाद !

**भवदीय**
धर्मानन्द अवस्थी
महासचिव